प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

प्रदेश नं. ३ हेटौंडा, मकवानपुर, नेपाल

## प्रस्ताव आह्वान गरिएको सूचना

**(गोरखापत्र दैनिकमा प्रथम पटक प्रकाशित मितिः २०७६/०६/०७ गते)**

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, प्रदेश नं. ३, हेटौंडाको आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **प्रदेश नं. ३ अन्तर्गतका काठमाडौं, सिन्धुपाल्चोक र चितवन जिल्लाहरुमा "बाँदर व्यवस्थापन विशेष कार्यक्रम"** रहेकोले उक्त कार्यक्रममा सहभागी हुन इच्छुक समूहबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले तीस दिनभित्र तोकिए अनुसारको आवेदन र प्रस्तावित कार्ययोजना सहित निर्देशनालय वा निर्देशनालयले तोकेको कार्यालयमा दरखास्त दिनु हुन सूचित गरिन्छ । आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राख्न साथै थप जानकारीको लागि मन्त्रालय, निर्देशनालय वा **भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा** सम्पर्क गर्नु हुन यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

### तपसिलः

१. रु. १० को टिकट टाँसेको आवेदनपत्र,
२. सहभागी सबैको नेपाली नागरिकताको प्रतिलिपि,
३. बाँदर व्यवस्थापन गर्ने उद्देश्यले प्रस्ताव गरिएको प्रस्तावित कार्ययोजना,
४. बाँदर व्यवस्थापन पक्षमा निरन्तर कृयाशिल रहने प्रतिवद्धता पत्र,
५. कृयाकलापमा सहभागी हुनेहरुको तालिम, अनुभव तथा शैक्षिक योग्यता,
६. संस्था/ समुह दर्ता प्रमाण पत्र,
७. बाँदर प्रभावित क्षेत्रको फोटो ।

अनुसूची -२

(दफा ८ सँग सम्बन्धित)

<u>आवेदन-पत्र</u>

मितिः … … … … …

श्री पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
प्रदेश नं. ३, हेटौंडा ।

मार्फत,
श्री भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,
… … … … … … ।

**विषय** : <u>अनुदान सहयोग उपलब्ध गराई दिने बारे ।</u>

महोदय,

प्रस्तुत विषयमा मिति … … … … … गते … … … … पत्रिकामा प्रकाशित सूचना अनुसार दरखास्त माग भए बमोजिम बाँदर व्यवस्थापन विशेष कार्यक्रममा सहभागी हुने चाहना भएकोले निम्नानुसार कागजात राखी संयुक्त निवेदन पेश गरिन्छ । अनुदान सहयोग प्राप्त भएमा शर्त अनुसार सम्बन्धित जिल्ला भित्रै रही कार्य गर्ने प्रतिवद्धता समेत जाहेर गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**तपसिलः**

१. रु. १० को टिकट टाँसेको आवेदन पत्र,
२. सहभागी सवैको नेपाली नागरिकताको प्रतिलिपि,
३. बाँदर व्यवस्थापन गर्ने उद्देश्यले प्रस्ताव गरिएको प्रस्तावित कार्ययोजना,
४. बाँदर व्यवस्थापन पक्षमा निरन्तर कृयाशिल रहने प्रतिवद्धता पत्र,
५. कृयाकलापमा सहभागी हुनेहरुको तालिम, अनुभव तथा शैक्षिक योग्यता,
६. संस्था दर्ता प्रमाण पत्र,
७. बाँदर प्रभावित क्षेत्रको फोटो ।

<u>निवेदक</u>

दस्तखतः
मितिः
नामः
पदः
समूहको छापः

अनुसूची -३

(दफा ८ सँग सम्बन्धित)

<u>समूहले पेश गर्नु पर्ने कार्ययोजना विवरण</u>

कार्यक्रमको नामः

समूहको नामः

ठेगानाः

मितिः

(रकम रु. हजारमा)

| क.सं. | कृयाकलाप | जम्मा लगानी |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| | **जम्मा** | |

<u>**निवेदक**</u>

दस्तखतः

मितिः

नामः

पदः

समूहको छापः

अनुसूची -४

(दफा ९ को खण्ड (क) सँग सम्बन्धित)

बाँदर व्यवस्थापन विशेष कार्यक्रमका लागि समूह छनौट गर्दा अपनाईने मूल्याङ्कनका आधारहरु

१. जिल्लाः

२. आवेदक संस्थाको नामः

३. बाँदर प्रभावित क्षेत्रको ठेगानाः

४. प्रस्तावित कार्ययोजनाको नामः

५. मूल्याङ्कनका आधारहरुः

| क.सं. | विवरण | भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | **बाँदरबाट हुने गरेको क्षति उत्पादनको आधारमा** | **२५** | | |
| १.१ | उत्पादनको ८० प्रतिशत भन्दा बढी क्षति पुऱ्याउने गरेको | २५ | | |
| १.२ | ५० प्रतिशतदेखि ८० प्रतिशतसम्म क्षति पुऱ्याउने गरेको | २० | | |
| १.३ | ५० प्रतिशत भन्दा कम क्षति पुऱ्याउने गरेको | १८ | | |
| २ | **बाँदरबाट हुने गरेको क्षति क्षेत्रफलको आधारमा** | **१०** | | |
| २.१ | १० हेक्टर भन्दा बढी | १० | | |
| २.२ | ५ हेक्टरदेखि १० हेक्टरसम्म | ७ | | |
| ३ | **बाँदर व्यवस्थापन गर्ने सम्बन्धी समूहको निर्णय प्रतिलिपी संलग्न गरिएमा** | **२०** | | |
| ४ | **बाँदर व्यवस्थापन गर्ने जनशक्तीको सूनिश्चितता** | **१०** | | |
| ५ | **बाँदरको आरक्षण निकाय (चिडियाखाना/ राष्ट्रिय निकुञ्ज/ सामूदायीक वन आदी) ले समूहसँग बाँदर व्यवस्थापन गर्न प्रतिवद्धता जाहेर गरेको पत्रको प्रतिलिपी संलग्न गरिएमा** | **२०** | | |
| ६ | **संलग्न कार्ययोजनाको स्तर** | **१५** | | |
| | उत्तम | १५ | | |
| | मध्यम | १२ | | |
| | सामान्य | १० | | |
| | **जम्मा** | **१००** | | |

**नोटः** मूल्याङ्कनको क्रममा न्यूनतम ५० भन्दा बढी अङ्क प्राप्त गरेका आवेदकहरुलाई मात्र छनौटको लागि सिफारिस गर्नु पर्नेछ । वार्षिक कार्यक्रम र बजेट भन्दा बढी छनौट भएमा बढी अङ्क प्राप्त गर्नेलाई सिफारिस गर्नु पर्नेछ । साथै समान अङ्क प्राप्त गरेमा लागत सहभागिता रकम बढी प्रस्ताव गरेकोलाई प्राथमिकता दिइने छ ।

अनुसूची -५
(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)
<u>सम्झौता-पत्र</u>

आर्थिक वर्ष ... ... ... मा सञ्चालन हुने बाँदर व्यवस्थापन विशेष कार्यक्रमका लागि पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, प्रदेश नं. ३, ... ... ... (यसभन्दा पछाडी प्रथम पक्ष भनिने) र छनौट भएको ... ... ... ... ... समूह, ... ... ... (यसभन्दा पछाडी दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाको अधिनमा रहि कार्यक्रम सञ्चालन गर्न द्वि-पक्षिय सम्झौता भएको छ ।

**शर्तनामाहरुः**

१. प्रथम पक्षले दोश्रो पक्षलाई बाँदर व्यवस्थापन विशेष कार्यक्रम सञ्चालनका लागि बढिमा दुई किस्तामा अनुदान रकम बैंक खातामा जम्मा गरी उपलब्ध गराउने छ । अनुदान रकम प्राप्त गर्न दोश्रो पक्षले अनिवार्य रुपमा विल/भर्पाई पेश गर्नु पर्नेछ ।

२. दोश्रो पक्षबाट अनुदान रकमको दुरुपयोग भएको पाईएमा प्रथम पक्षले साँवा र सोको असुल उपरको लागि प्रचलित कानुन बमोजिम आवश्यक कारबाही गर्नेछ ।

३. तोकिएको प्राविधिक विषय वस्तुलाई दोश्रो पक्षले अनिर्वाय रुपमा पालना गर्नु पर्नेछ ।

४. प्रथम पक्षले नियमित रुपमा दोश्रो पक्षको अनुगमन/ निरिक्षण गर्नेछ ।

५. दोश्रो पक्षले प्रथम पक्षलाई चौमासिक रुपमा प्रगति विवरण बुझाउनु पर्नेछ ।

६. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयं हुनेछ ।

७. यस सम्झौतामा उल्लेख हुन छुटेका व्यहोरा प्रचलित ऐन/ नियम बमोजिम हुनेछ ।

| **<u>प्रथम पक्षको तर्फबाटः</u>** | **<u>दोश्रो पक्षको तर्फबाटः</u>** |
|---|---|
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| नामः | नामः |
| पदः | पदः |
| निर्देशनालयको छापः | समूहको छापः |

<u>रोहवरः</u>

| | |
|---|---|
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| नामः | नामः |
| पदः | पदः |
| निर्देशनालयको छापः | समूहको छापः |